आज मिति २०७८ साल पौष २८ गते बुधबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ को आठौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिती:**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८६८५२०५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८६९४४०७५९ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |

| | | | | |
|---|---|---|---|---|
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८४०६८०६७२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि. प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रितः**

| | | | | |
|---|---|---|---|---|
| १. | श्री | | | |
| २. | श्री | | | |
| ३. | श्री | | | |

**प्रस्तावहरुः**

१. रिपोर्टिङ

२. स्थानीय तह संस्थाथत क्षमता स्व-मूल्यांकन (LISA) अन्तिम नतिजा अनुमोदन सम्बन्धमा ।

३. खोप कार्डको अनिवार्यता गर्ने सम्बन्धमा ।

४. कृषक सूचीकरण सम्बन्धमा ।

५. विविध

**निर्णयहरुः**

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको मिति २०७८/०९/१७ गते सम्पन्न सातौं कार्यपालिका बैठक यता भए गरेका कार्यक्रम तथा कृयाकलापहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रुपमा रिपोर्ट प्रस्तुत भई वडा तहको रिपोर्टिङ सम्बन्धित वडा अध्यक्षको प्रस्तुति पश्चात कार्य सञ्चालनार्थ देखिएका समस्या तथा कमी कमजोरीलाई नगर प्रमुखज्यूको सम्बोधन सहित आपसी सहमती तथा सहकार्यबाट समाधान गर्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको गत आ.व.२०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन (LISA) को अन्तिम नतिजा ५६.५०% रहेको र आगामी दिनहरुमा स्व-मूल्यांकनको क्षेत्रमा सुधार गर्दै जाने गरी उक्त नतिजा अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वा अन्तर्गतका निकायहरुबाट सार्वजनिक सेवा लिने सेवाग्राही नागरिकहरुले सेवा लिंदा यही मिति २०७८ साल माघ ०७ गते देखि लागू हुने गरी कोभिड-१९ विरुद्धको खोप लगाएको खोप कार्ड अनिवार्य रुपमा राखेर मात्र सेवा प्रवाह गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम अन्तर्गत रहेको कृषक सूचीकरण कार्यक्रम यस साँफेबगर नगरपालिका क्षेत्रका कृषकहरुलाई लक्षित गरी अविलम्ब सञ्चालन गर्न कृषि विकास तथा पशु सेवा शाखालाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।